**घिरिङ गाउँपालिका**

**पोखरीछाप, तनहुँ**

**चौधौ गाउँसभामा गाउँपालिकाका अध्यक्ष श्री होम बहादुर थापाज्यूबाट प्रस्तुत आर्थिक बर्ष २०८०/०८१ को**

# वार्षिक नीति तथा कार्यक्रम- २०८०/०८१

गाउँपालिका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभा सदस्यज्यूहरु लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु,

१. स्थानीय तहको दोश्रो निर्वाचनपछि गठन भएको घिरिङ गाउँ सरकारको चौधौ गाउँसभामा गाउँपालिकाको तर्फबाट आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

२. ऐतिहासिक संविधान सभाबाट जारी भएको नेपालको संविधान २०७२ अनुसार स्थापित स्थानीय तहमार्फत नागरिकका अधिकारहरू स्थापित गर्ने यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुऱ्याउन अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु । साथै जनआन्दोलनमा घाइते तथा बेपत्ता भएका नागरिकहरूमा उच्च सम्मान व्यक्त गर्दछु । उहाँहरू सबैको योगदानको स्मरण गर्दछु ।

३. हाम्रो ५ वर्ष कार्यकालको प्रमुख आधार "कृषि पर्यटन ऐतिहासिक धरोहर समृद्ध घिरिङ निर्माणमा हाम्रो सरोकार" रहनेछ । यही भावनालाई आत्मसाथ गरी गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक पर्यटकिय विकासका उद्देश्य, लक्षय, रणनीति र कार्यनीति तय गरिएको छ ।

४. लोकतन्त्रका आधारभूत मूल्यमान्यता, बहुलवाद, खुला समाज, मानव अधिकार, मौलिक हक, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै विधिको शासनप्रति पूर्ण प्रतिबद्ध रही संघीय लोकतान्त्रिक गणतन्त्रलाई सामाजिक जीवनपद्धतिमा स्थापित गर्ने कुरामा गाउँ सरकार हरपल क्रियाशील रहनेछ । शासकीय व्यवस्थापमा आएको परिवर्तनको अनुभूति सबै गाउँबासीले गर्न सकुन् भन्नोमा हामीहरू सदैव सचेत रहनेछौँ ।

५. गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायीक विकासको बाटोमा अघि बढ्न गाउँ सरकार दृढ छ । योजनाबद्ध र प्राथमिकताको आधारमा विकास निर्माणका कामहरू हुनुपर्छ भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने हाम्रो विश्वास रहेको छ ।

६. आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमको ध्येय "कृषि पर्यटन ऐतिहासिक धरोहर समृद्ध घिरिङ निर्माणमा हाम्रो सरोकार" रहेको छ । यस नीति तथा कार्यक्रम संघीयताको कार्यान्वयनसँगै जनताको घरदैलोमा जनचाहना अनुसारको योजना पुऱ्याउन कोशेढुङ्गा सावित हुने आशा गरिएको छ ।

७. गाउँ सरकार एवं जनप्रतिनिधि स्थानीय नागरिकको चाहना र भावना अनुसारको सेवा सुविधा तथा आवश्यकताको व्यवस्थापन गर्ने निकाय हुन भन्ने विश्वास बढिरहेको छ । जनप्रतिनिधिको भूमिका नीति निर्माण र विकास निर्माणको अगुवाई, अनुगमन र नागरिकको सुखदुःखमा साथ दिने गरी सघन रूपमा अगाडी बढाउन आवश्यक हुन्छ ।

८. गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्य, नेपाल सरकारको योजना, गण्डकी प्रदेश सरकारको आवधिक योजना तथा गाउँपालिकाको गुरूयोजनाका दीर्घकालीन लक्ष्य र उद्देश्यसँग सामन्जस्यता कायम गर्दै वडाका गौरवका आयोजनाहरू, गाउँवासीहरूबाट सङ्कलित सल्लाह तथा सुझाव समेतका आधारमा तयार गरिएको छ ।

९. नेपाल संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त र समानीकरण अनुदान तथा राजश्व बाँडफाँड शीर्षकबाट प्राप्त हुने रकम र यस गाउँपालिकाको अनुमानित आन्तरिक राजश्वलाई समेत आधार बनाई स्रोतको व्यवस्थापन गरिएको छ ।

१०. समयसीमा सहितको वार्षिक कार्ययोजनाले विकासका काम तोकिएको समयमा सम्पन्न गर्न प्रेरित गर्ने भएकोले वडा तथा गाउँपालिकाको समग्र कार्यक्रम तथा योजनालाई समयसीमा सहितको वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। तोकिएको समयभित्र कार्यसम्पादन गर्न र सोका लागि जनप्रतिनिधि र कर्मचारीलाई समेत जवाफदेही बनाउन सबै पक्षकाबीच कार्यसम्पादन करार गरिनेछ।

११. गाउँपालिकाले निर्माण गरेको गुरूयोजनाले निर्दिष्ट गरेका योजनाहरूलाई मूर्तरूपमा कार्यान्वयन गर्ने गरी योजना तथा कार्यक्रमहरू तय गरिनेछ।

१२. आवश्यकता, लागत, समय, अपेक्षित प्रतिफल तथा प्रभावको आधारमा आयोजना तथा कार्यक्रमको वर्गीकरण तथा प्राथमिकीकरण गरी सन्तुलित रूपमा स्रोतको परिचालन र विभाजन गरिनेछ। आयोजना तथा कार्यक्रमको सङ्याभन्दा पनि गुणात्मक पक्षमा जोड दिइनेछ। अपेक्षित रूपमा राजश्व सङ्कलन गर्न तथा कार्यक्रमहरू कार्यान्वयन गर्न आर्थिक वर्षको सुरू महिनामा नै कार्ययोजना अनुसारको जिम्मेवारी सुनिश्चित गरी सबै आयोजना र कार्यक्रमहरू यथा समयमा नै सम्पन्ना गर्ने आधार तयार गरिनेछ।

१३. विद्यमान कर प्रणालीको पुनरावलोकन गरी स्वच्छ, पारदर्शी एवं लगानी तथा व्यवसायमैत्री कर प्रणाली लागू गरिनेछ। राजश्व परिचालनलाई सहज बनाउन आवश्यक नीति तथा मापदण्ड बनाइनेछ। गाउँपालिकाबाट दिइँदै आएका विभिन्न सेवा शुल्कहरूमध्ये आधारभूत कार्यहरूमा लाग्ने सेवा शुल्कमा विशेष छुटको व्यवस्था गरिनेछ

१४. सुशासन, पारदर्शिता तथा जवाफदेहिता कायम गर्न सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षणलाई अनिवार्य शर्तका रूपमा अवलम्बन गरिनेछ।

१५. गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन सुपरीवेक्षण एवम् अनुगमन संयन्त्रलाई प्रभावकारी बनाइनेछ।

१६. गाउँपालिकाबाट भू-सेवा सम्बन्धी कार्यलाई थप व्यवस्थित गर्दैछ। गाउँपालिकाभित्र सर्भे नापी हुन बाँकी रहेका जग्गाहरूको सर्भे नापी गर्ने कार्यलाई अगाडी बढाइनेछ।

१७. हाम्रो विकासका चाहनाहरूलाई मूर्त रूप दिन यस गाउँपालिकाले विश्वव्यापी रूपमा स्वीकार गरिएको दिगो विकासका लक्ष्यहरू हासिल गर्ने तर्फ उन्मुख हुदै आगामी आर्थिक वर्षको लागि राष्ट्रिय विकास लक्ष्य र प्राथमिकताहरूलाई आत्मसाथ गरिनेछ। यसप्रकार आगामी आर्थिक वर्षका लागि स्वास्थ्य, शिक्षा, कृषि विकास, खानेपानी, सडक पूर्वाधार, सिंचाई, पर्यटन, लक्षित क्षेत्र विकास, सुशासन तथा संस्थागत सुदृढिकरण जस्ता क्षेत्रगत प्राथमिकताहरू रहने तथ्य उल्लेख गरेको छु।

१८. समाजवाद उन्मुख अर्थ व्यवस्थाको लक्ष्य र उद्देश्य हासिल गर्नका लागि यो नीति तथा कार्यक्रमले मार्गनिर्देश गर्नेछ। आर्थिक विकासमा सहभागी हुने, योगदान गर्ने प्रतिफल प्राप्त गर्ने अवसर घिरिङ गाउँपालिका भित्रका सबै नागरिकलाई समन्यायिक रुपमा उपलब्ध गराईनेछ।

१९. आधारभूत मानव अधिकारको सम्मान संरक्षण एवम् सम्वर्द्धन गरिनेछ। मानव अधिकारसँग सम्बन्धित प्रतिवद्धताको पूर्ण कार्यान्वयन तथा पालना गरिनेछ। दिगो शान्ति, सुशासन, विकास र समृद्धिका जनअपेक्षालाई सम्बोधन गरिनेछ।

सम्मानित सभाका उपस्थित सभा सदस्यज्यूहरू,
अब म क्षेत्रगत रूपमा अवलम्बन गरिने नीति तथा कार्यक्रमलाई प्रस्तुत गर्न चाहन्छु।

❖ **आर्थिक क्षेत्र:**

**१) कृषि तथा पशुपालन:**

- कृषिलाई यान्त्रिकरण, आधुनिककीकरण तथा व्यवसायिकरण गर्दै निर्वाहमूखी कृषिलाई उत्पादनमुखी तथा निर्यात उन्मुख बनाउन गाउँपालिका भित्रका मुख्य बाली उत्पादन क्षेत्रको पहिचानका आधारमा कृषि पर्यटनमा आधारित अर्गानिक कृषि

उत्पादन क्षेत्र, तरकारी, धान, दलहन, तेलहन, मौरीपालन, बेमौसमी तरकारी खेती तथा कृषि पकेट क्षेत्र कार्यक्रम सञ्चालनमा निरन्तरता दिइनेछ।

- कृषि तथा पशुपालनलाई व्यवसायिलाई आय आर्जन तथा रोजगारीको प्रमुख आधारका रूपमा विकास गरिनेछ।
- कृषि उत्पादनको बजारीकरण र भण्डारणका लागि नीजि तथा सहकारी संस्थाहरूसँगको साझेदारीमा कृषि उपज सङ्कलन केन्द्र स्थापना साथै अत्रौली शीत भण्डार निर्माण कार्यको पुर्णता गरी संकलन गरिने छ।
- विदेशबाट फर्किएर रोजगार गुमाएका युवा तथा वेरोजगार युवाहरूलाई लक्षित गरी कृषि तथा पशुपालन पेशामा आकर्षण गर्न उत्पादन प्रतिफलमा आधारित अनुदान सहितको कार्यक्रम सञ्चालन गरिनेछ।
- किसान सुचिकरण कार्यलाई निरन्तरता दिई कृषकहरूको तथ्यांक अध्यावधिक गर्ने कार्यलाई प्राथमिकताको साथ अगाडि बढाइनेछ।
- कृषि तथा पशुपंक्षीको व्यवसायिकरणको लागि साना तथा मझौला कृषि तथा पशुपन्छी फर्म स्थापना गरी सञ्चालन गर्न प्रोत्साहन गरिनेछ। त्यस्ता फर्महरू पालिकामा दर्ता गर्न प्रेरित गरिनेछ।
- फलफूल तथा तरकारीको उत्पादन वृद्धि, मौरी चरन तथा पर्यावरणमा हरियाली बनाउनका लागि साथै कृषकहरूलाई प्रेरणा जगाउन गाउँपालिकामा नमूनाको रूपमा मौरी, फलफूल तथा तरकारीको खेती गरिनेछ।
- खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने बालीको पहिचान गरी साना व्यवसायिक कृषि उत्पादन पकेट विकास कार्यक्रम सञ्चालन गरिनेछ। लागत घटाई उत्पादन बढाउन खाद्यान्न बालीमा उन्नत बिउ उपयोगमा बढोत्तरी गर्न किसानहरूलाई प्रोत्साहन गरिनेछ।
- परम्परागत तथा रैथाने बाली तथा पशुपन्छीहरूको संरक्षण साथै प्रर्वद्धन कार्यमा जोड दिईनेछ।
- धान, मकै, कोदो तथा गहुँको बीउ उत्पादनका कार्यक्रम संचालन गरि गाउँपालिकालाई खाद्यन्नवालीको बीउमा आत्मानिर्भर गराउँदै लगिनेछ।
- कृषकहरूको क्षमता विकास तथा नयाँ प्रविधको बारेमा जानकारी दिनको लागि विभिन्न किसिमको तालिम, अन्तक्रिया, गोष्ठी, दिवस, प्रर्दशनी र अध्ययन अवलोकन जस्ता काईहरू सञ्चालन गरिनेछ।
- कृषक पाठशालालाई निरन्तरता दिईनेछ। धान, गहुँ र मकै जस्ता अन्नबाली एवम् विभिन्न नगदे बालीहरूको उन्नत विउ एवम् कृषियन्त्र वितरण लगायतका कार्यक्रमहरूलाई निरन्तरता दिईनेछ।
- कृषिजन्य उत्पादन वृद्धि गरि आयात प्रतिस्थापन तथा निर्यात प्रर्वद्धनका लागि एक गाउँ एक उत्पादनको अवधारणालाई प्रोत्साहन गर्दै लगिनेछ।
- कृषि संकलन केन्द्र, कृषि थोक बजार निर्माण, हाट बजार संचालन तथा व्यवस्थापनको लागि जोड दिइनेछ।
- कृषि तथा पशुपन्छी विकास सेवा शाखामा कार्यरत कर्मचारीहरूलाई स्थलगत रूपमा खटाई कृषकहरूलाई परामर्श दिने व्यवस्था मिलाईनेछ।
- तरकारी तथा फलफूलमा (सुन्तलाजात, अदुवा, लसुन, प्याज, बेसार) गाउँपालिकालाई आत्मनिर्भर बनाउदै लैजानका लागि अनुदानका कार्यक्रम संचालन गरिने छ।
- बढ्दो विषादी प्रयोगबाट मानव तथा पर्यावरणमा परेको नकारात्मक असर न्यूनिकरण गर्न विषादी सचतेनाका कार्यक्रम संचालन गरि प्राङ्गारिक कृषि तर्फ जोड दिईनेछ।
- माटोमा भएको अम्लियपना, क्षारीयपना तथा माटोमा रहेको पोषक तत्वहरूको मात्रा पत्ता लगाउन माटो उपचार शिविर सञ्चालन गराईनेछ। स्थलगतरूपमा देखा परेका विभिन्न रोग तथा किराहरूको समस्या पत्ता लगाई त्यसको समाधान गर्नका लागि घुम्ती शिविर सञ्चालन गरिनेछ।

- पशुपंक्षी व्यवसायमा आत्मानिर्भर बनाउनको लागि नश्ल सुधार कार्यक्रम, बाझोपन निवारण घुम्ती शिविर, पशुपंक्षी, निशुल्क खोप कार्यक्रम संचालन गरिनेछ ।
- व्यवसायिक रूपमा गाई भैँसीपालनमा प्रोत्साहन गर्न र बजारको सुनिश्चित गरी दुध संकलन केन्द्र निर्माण र दुधजन्य पदार्थको विविधिकरण गर्ने व्यवसाय सञ्चालन गर्न सहयोग गरिनेछ ।
- पशुपालनलाई प्रवर्द्धन गरी विशेषत बाख्राको स्रोतकेन्द्रको रूपमा विकास गर्न विशेष कार्यक्रम सञ्चालन गरिनुका साथै पशु पन्छी सेवा कार्यक्रमलाई सहयोग गर्न पशु चिकित्सक सेवा उपलब्ध गराइनेछ ।
- पशुपंक्षीमा लाग्ने रोगलाई समयमा नै पहिचान गरी क्षतीलाई न्यूनीकरण गर्न रोगको अन्वेषण, नमूना सङ्कलन तथा प्रेषण गरिनेछ ।
- विकासका सहयोगी संस्थाहरूसँग साझेदारी गरी कृषि तथा पशु विकास कार्यक्रमहरूलाई प्रवर्द्धन गरिनेछ ।
- अति गरिब, विपन्न, स्रोत विहिन परिवारहरूको पहिचान गरी आय आर्जनका लागि विभिन्न जातका पशुपंछीहरू वितरण गरिने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्रका किसानलाई पशुपंक्षी तथा वाली सम्बन्धी दक्ष बनाउन तालिम अध्ययन भ्रमणको व्यवस्था मिलाइनेछ ।
- संघ र प्रदेशसँगको सहकार्यमा कृषकलाई बाली र पशुपंक्षी बिमा गर्नका लागि प्रोत्साहित गरिनेछ ।

**२) उद्योग, सहकारी र पर्यटनः**

- सबै व्यवसायीहरूलाई गाउँपालिकाको विकासमा मेरो लगानी भन्ने भावना सहित स्वतस्फुर्त रूपमा कर तिर्ने वातावरण सृजना गर्न सबै व्यवसायहरूको दर्ता प्रक्रियालाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।
- गाउँपालिका वासीहरूमा सुरक्षा व्यवस्था कायम गर्न तथा अवैध क्रियाकलाप रोक्न सुरक्षा निकायलाई जोड दिइनेछ ।
- वैदेशिक रोजगारीबाट फर्केका तथा बेरोजागर युवाको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गरी कार्यक्षेत्रमा नै विद्यमान सीपमूलक तालिम सञ्चालन गरि रोजगार सिर्जना गरिनेछ ।
- वैदेशिक रोजगारमा जाने युवालाई आवश्यक तालिम र परामर्सको व्यवस्था पालिका भित्रै मिलाईने छ ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरिनुका साथै सीप प्राप्त उद्यमीको स्तरोन्नतिका लागि पुनर्ताजगी र एडभान्स सीप विकास तालिम सञ्चालन गरिनेछ ।
- पर्यटकहरूलाई सूचना प्रवाह गर्न तथा घिरिङ गाउँपालिकामा आकर्षित गर्न घिरिङ प्रोमोसनल भिडियो तयार गरि विभिन्न मिडियाहरूमा प्रसारण गर्ने व्यवस्था मिलाईनेछ ।
- प्लाष्टिक न्यूनीकरणका लागि वैकल्पिक व्यवस्था गर्न दुनाटपरी, कपडाका झोला निर्माण गर्ने साना उद्योग खोल्न चाहनेलाई अनुदान तथा प्रोत्साहन गरिनेछ ।
- यस गाउँपालिका भित्र नयाँ पर्यटकीय गन्तव्यको रूपमा विकास तथा प्रचार प्रसार गर्न होमस्टे प्रवर्धनका कार्य गरिनेछ र बहुसांस्कतिक होमस्टेका रूपमा विकास गरिनेछ ।
- गाउँपालिका स्थापित होमस्टेलाई पुर्वाधर विकासमा जोड दिईनेछ ।
- गाउँपालिकाका ५ वटै वडाहरूलाई आफ्नै विशेष पहिचानयुक्त वडाको रूपमा विकसित गर्दै लगिनेछ ।
- यस क्षेत्रको पहिचानको रूपमा रहेको कौरा नाच, पँचेवाजा, सोरठी, झयाउरे, लाखे, चुटका, घाटु जस्ता मौलिक सांस्कृतिक संरक्षणका लागि पहल गरिनेछ ।
- स्थानीय स्तरीय भाषा, कला, सस्कृति सम्बन्धि सम्पूर्ण क्रियाकलापहरूलाई व्यवस्थित गर्न घिरिङ क्षेत्रका स्थानीय सस्कृतिक संस्थाको समन्वयमा प्रवर्द्धन तथा स्रष्टाको सम्मान र नव प्रतिभालाई प्रोत्साहन गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- धार्मिक पर्यटन प्रवर्द्धनका लागि घिरिङद्वारा मठ, मन्दिर, गुम्बा, चर्ज क्षेत्रलाई धार्मिक केन्द्रका रूपमा विकास गर्न साथै धार्मिक परिसरको पुरातात्विक महत्वका वस्तुहरूको संरक्षण, संवर्धन र खोजका लागि पुरातत्व विभागसँग समन्वय र सहकार्य गरिनेछ । यसै गरी निर्माणधीन मठ, मन्दिर, गुम्बा, चर्ज प्रदेश सरकारको सहकार्यमा निर्माण गरिनेछ ।
- सहकारी संस्थाहरूले सफ्टवेयरमा मासिक प्रतिवेदन प्रविष्ट गरी मासिक प्रतिवेदन लगायत कार्यालयमा पठाउनु पर्ने प्रतिवेदनहरू गाउँपालिकाले तोकेको वार्षिक कर दाखिला गर्ने जस्ता कार्यहरू कडाईका साथ लागु गरिनेछ ।
- पर्यटकीय गन्तव्यको पहिचान गरी होम स्टेको विकास र सम्वर्द्धन गर्दै पर्यटन प्रवर्द्धनमा जोड दिईनेछ ।
- पर्यटकीय स्थलको रूपमा पहिचान भएको घुमाउने तालको निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- लक्षित वर्ग दलित, जनजाती, महिला, जेष्ठ नागरिक, युवा, अपाङ्गता भएका र अल्पसंख्यक व्यक्तिहरूका लागि जीवनस्तर उकास्न आयआर्जनामा आधारित सीपमूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- पार्क (वालीघाट संरक्षण पार्क, सामरीघाट पार्क, पुषपलाल पार्क आदि) निर्माण गर्ने, पालिका भित्रका पर्यटकिय स्थलहरूको संरक्षण प्रर्वद्धन र व्यवस्थापनमा प्राथमिकता दिइनेछ ।
- काली गण्डकीमा न्याफटिङ सञ्चालन गर्न गराउन र अग्ला डाँडामा प्यारागलाईडिङ पहल गरिने छ ।

## ❖ सामाजिक क्षेत्र

### १. शिक्षाः

- आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने नीति अनूरूप माध्यमिक तह सम्मको शिक्षालाई निःशुल्क गरिनेछ ।
- सार्वजनिक शिक्षाका माध्यमबाट मानव संशाधन विकास गर्ने गरी हाल सञ्चालित १ वटा प्राविधिक धारका विद्यालयमा कोटा अनुसारको कक्षा सञ्चालन गर्न प्रेरित गरिनेछ र गुणस्तरीय शिक्षाका लागि काम गर्दै सिक्ने प्रविधिको विकासको लागि प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्दै लगिनेछ ।
- सार्वजनिक शिक्षाको समग्र गुणस्तर सुधार गर्न विद्यार्थी सङ्ख्या, विद्यालय सङ्ख्या, मौज्दात जनशक्ति सम्भावनाका क्षेत्रहरूको समेत विस्तृत अध्ययन गरी ५ वर्षमा सञ्चालन गरिने शैक्षिक संस्था तथा जनशक्तिको समायोजन समेतको अध्ययन गरी स्रोतको नक्साङ्कन सहितको प्रतिवेदन पेश गर्न एक कार्यदल बनाइनेछ र सो कार्यदलको प्रतिवेदनका आधारमा आवश्यक नीतिगत सुधार गरी कार्यान्वयन गरिनेछ ।
- शिक्षाको समग्र गुणस्तर अभिवृद्धि गर्न अनुगमन कार्यलाई व्यवस्थित गरिनेछ । विद्यालयका शिक्षक तथा कर्मचारीहरूको क्षमता विकासका कार्यक्रम निरन्तर रूपमा सञ्चालन साथसाथै नियमन गरिनेछ ।
- दीर्घसेवा गरी अवकाश प्राप्त गरेका शिक्षकहरू, विद्यालयको व्यवस्थापकीय सुधार गर्ने विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा उत्कृष्ट विद्यार्थीलाई विशेष सम्मान तथा पुरस्कृत गरिनेछ ।
- शिक्षित जनता घिरिङको शान, गुणस्तरीय शिक्षा हाम्रो अभियानका लागि विपन्न परिवारका छोराछोरीहरूको तथ्याङ्क एकीन गरी गुणस्तरीय शिक्षामा पहुँच पुऱ्याउन गाउँपालिकाका प्राविधिक शिक्षालयहरूमा प्राविधिक विषय अध्ययनका लागि छात्रवृत्ति कोषको व्यवस्था गरिनेछ ।
- आधारभूत तह सम्म स्थानीय पाठ्यक्रमको निर्माण गरी क्रमिक रूपमा पाठ्यक्रम पाठ्यपुस्तक निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।
- सबै विद्यालयमा न्यूनतम शैक्षिक गुणस्तर मापदण्ड तयार गरी पालिका सँग प्रधानाध्यापकहरूले तथा शिक्षकले प्रधानाध्यापकसँग कार्य सम्पादन करार सम्झौता गरी सोही आधारमा पुरस्कृत र दण्डित गर्ने संयन्त्र तयार गरिनेछ ।

- "विद्यालयको भौतिक तथा शैक्षिक अवस्था सुधार, बालबालिका विद्यालय प्रवेशको पहिलो आधार" भन्ने नाराका साथ विद्यालयमा निर्माण हुने भवनहरूलाई भुकम्पप्रतिरोधी, बालमैत्री, अपाङ्गतामैत्री, भौतिक संरचना निर्माण गर्दै समग्र शिक्षा प्रणालीको सुधारका लागि स्पष्ट दृष्टिकोण, प्रतिबद्धता र तत्परताका साथ कार्यक्रम अगाडि बढाइनेछ।
- सामुदायिक र संस्थागत विद्यालयबीच असल अभ्यासहरूको आदान प्रदान, शिक्षा क्षेत्रका आशालाग्दा अभ्यास र प्रयास गरे परिवर्तन सम्भव छ भन्ने मान्यता स्थापित गर्नका लागि शैक्षिक प्रणालीलाई जिम्मेवार, जवाफदेही, पारदर्शी र नतिजामुखी र उत्तरदायी बनाउँदै गाउँपालिकालाई शिक्षा क्षेत्रमा नमूना गाउँपालिकाको रूपमा विकास गर्दै लगिनेछ।
- विद्यालयको परिसर स्वच्छ, सफा बनाउँदै वृक्षारोपण र आकर्षक फुलबारी निर्माण गरी विद्यालयको वातावरणीय सौन्दर्यकरण गरिनेछ।
- गाउँपालिका भित्रका असहाय तथा अनाथ बालबालिकाको संरक्षणका लागि आवासीय सुविधा सहितको विद्यालय निर्माण गर्न पहल गरिनेछ यसका लागि संघीय सरकार र प्रदेश सरकार सँग आवश्यक समन्वय गरिनेछ। साथै सहित, बेपत्ता, घाईते, अपाङ्गता परिवारका बालबालिका र अति विपन्न् तथा अनाथ बालबालिकालाई छात्रवृत्ति कोषको व्यवस्था गरी शैक्षिक मूल प्रवाहीकरणमा जोडिनेछ।
- शिक्षालाई जीवनोपयोगी बनाउने गरी शिक्षा क्षेत्रमा काम गर्ने संघसंस्थासंगको आवश्यक समन्वयबाट बालबालिका, अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्दै लगिनेछ।
- विद्यालयहरूमा प्रविधिको माध्यमबाट अध्यापनको शुरूवात गरिनेछ । सबै विद्यालयमा फोटोकपी, प्रिन्टर, कम्प्युटर लगायतको सेवाको पहुँच गरिनेछ।
- सबै क्षेत्र र उमेर समूहका नागरिकहरूमा नागरिकको अधिकार र दायित्वका विषयमा बहस पैरवी सञ्चालन गरी हाम्रो घिरिङ भावनालाई आत्मसात गर्न प्रेरित गरिनेछ।
- किशोरीहरूको विद्यालय अनुउपस्थिति हुने दरलाई घटाउन र सहज रूपमा पठनपाठनमा केन्द्रित गर्नका लागि सामुदायिक विद्यालयहरूलाई किशोरीमैत्री बनाइनेछ। विद्यालयमा निःशुल्क र गुणस्तरीय सेनेटरी प्याड उपलब्ध गराइनेछ।
- गाउँपालिकास्तरीय भलिबल, एथलेटिक्स र राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संगसंगै अन्तराष्ट्रिय मान्यता प्राप्त खेलहरूको विकासमा समेत उपयुक्त टेवा पुर्‍याउनको लागि प्रशिक्षक मार्फत खेल क्षेत्र विकास गर्दै लगिनेछ । खेलका माध्यमबाट गाउँपालिकाको पहिचान स्थापित गर्ने गरी खेलकुदमा युवा, अनुशासनमा टेवा भन्ने नारालाई स्थापित गरिनेछ । साथै गाउँपालिका भित्र रहेका राष्ट्रिय स्तरका खेलाडीहरूलाई सम्मान गरिनेछ।
- शिक्षाको माध्यमबाट समाजलाई सभ्य, सुसंस्कृत, प्रतिस्पर्धी, उद्यमशिल र आत्मविश्वासी बनाउने शिक्षा नीतिको अवलम्बन गरिनेछ।
- विद्यालयलाई गुणस्तरीय, प्रभावकारी र अनुसन्धानमुलक जनशक्ति उत्पादन गर्ने संस्थाको रूपमा विकास गरिनेछ।
- सबै सामुदायिक विद्यालयमा गुणस्तरीय इन्टरनेट सेवा विस्तार गरिनेछ।
- छात्रा, दलित तथा अपाङ्ग छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयहरूको खेलमैदानहरूको आवश्यक पूर्वाधार विकास सहित स्तरीकरण गरिने कार्यलाई निरन्तरता दिइनेछ।
- सामुदायिक विद्यालयमा विद्यार्थी उपस्थिति नियमित गर्न विभिन्न प्रकारका क्रियाकलापहरू सञ्चालन गरिएको छ। यस कार्यमा आवश्यकता अनुसार गैरसरकारी संस्थाहरूलाई समेत परिचालन गरिनेछ।
- सूचना, शिक्षा, संचार सामग्री र प्रतिभा प्रस्फुटनको यथोचित व्यवस्थापन एवम् ज्ञान र अनुभव आदान प्रदानको लागि गाउँपालिका स्तरीय बृहत शैक्षिक मेला आयोजना गरिनेछ।

- विद्यालयमा सरोकारवालाहरूको आवश्यक चासो र चिन्तन बढाउनका लागि विभिन्न किसिमका कार्यक्रम अगाडी बढाइनेछ।
- विद्यालयहरूका आर्थिक पारदर्शीता कायम गराउन चौमासिक आयव्यय सार्वजनिक गर्न आवश्यक प्रक्रिया अगाडि बढाइने छ।
- सामुदायिक सिकाइ केन्द्रलाई आवश्यक कार्ययोजना बनाई थप व्यवस्थित बनाईनेछ।
- हरेक वर्ष गाउँपालिकास्तरमा आधारभूत तह र माध्यमिक तहमा सूचक र मापदण्डका आधारमा १/१ वटा विद्यालयलाई नमुना विद्यालय बनाउँदै लगिनेछ।
- विद्यार्थी संख्या कम भएका विद्यालयहरूलाई संभाव्यता अध्ययन गरी मर्ज गर्न एक कार्यदल गठन गरी प्राप्त प्रतिवेदन अनुसार अगाडी बढिनेछ।
- विद्यालयहरूको नियमित अनुगमन गरी अवस्था सुधारको लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी ढङ्गबाट संचालन गरी विद्यार्थी ल्याऔ, टिकाऔ र सिकाऔ भन्ने अभियानलाई निरन्तरता दिइनेछ।

२. **स्वास्थ्यः**

- संवैधानिक व्यवस्था अनुसार हरेक नेपालीहरूलाई आधारभुत स्वास्थ्य सेवा निशुल्क प्रदान गर्ने कुरालाई आत्मसाथ गर्दै घिरिङ गाउँपालिकाको सम्पुर्ण नागरिकहरूलाई आधारभुत स्वास्थ्य सेवा निशुल्क रूपमा प्रदान गरिनेछ। स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकारको प्रयोग गरी स्थानीय स्वास्थ्य सेवा ऐन, स्थानीय स्वास्थ्य नीति समेत निर्माण गरी सोहि बमोजिमको कार्य अगाडी बढाइने छ।
- हरेक स्थानीय तहमा ५/१०/१५ शैयाको आधारभूत अस्पताल स्थापना गर्ने संघीय सरकारको नीति अनुरूप गाउँपालिकामा १० शैयाको अस्पताल निर्माणका प्रक्रिया अगाडि बढाईने छ।
- "स्वस्थ गाउँवासी, स्वस्थ गाउँ" भन्ने नारालाई लागु गर्दै गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ।
- पालिकामा रहेका स्वास्थ्य चौकीको ल्यावबाट हरेक ६/६ महिनामा मधुमेह, रक्तचाप, यूरिक एसिड जस्ता रोगहरूको परीक्षण, पहिचान तथा निदान गरी आम गाउँवासीलाई मेरो स्वास्थ्यमा गाउँवासीको चासो भावनाका साथ आफ्नो दैनिकी तथा आहार बिहारमा परिवर्तन गरी नसर्ने रोगबाट हुने सम्भावित घटनाहरूलाई न्यूनीकरण गरिनेछ।
- बर्थिङ्ग सेन्टरहरूको गुणात्मक सुधार गरी सुरक्षित मातृत्वको हकलाई सुनिश्चित गरिनेछ। सुत्केरी महिलालाई पोषण र यातायात खर्चबापतको रकम तथा सामाग्री तत्कालै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
- गर्भवती महिलालाई सुत्केरी गराउन स्वास्थ्य चौकी/ हस्पिटलसम्म जस अम्बुलेन्स को व्यवस्था कायमै रहनेछ।
- दीर्घसेवा गरी अवकास हुने महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई सम्मान सहितको सुनौलो अवकास योजनालाई निरन्तरता दिइनेछ। साथै कार्यरत महिला स्वयंसेविकाहरूको क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ।
- नसर्ने रोगहरूबाट बचाउन तथा मानिसहरूको व्यवहार परिवर्तनका लागि नियमित रूपमा योग शिविर सञ्चालन गर्ने तथा जनचेतना अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- खोप क्लिनिक र गाउँघर क्लिनिक नभएका स्थानमा स्थायी भौतिक संरचना निर्माण गरिनेछ। सञ्चालन भएका स्थानमा सेवालाई थप व्यवस्थित बनाई गर्भवती तथा सुत्केरी आमा र नवजात शिशुको नियमित जाँच कार्यक्रमलाई निरन्तर गराइनेछ।
- बालबालिकाहरूको खोप पाउने अधिकार सुनिश्चित गर्नका लागि स्वास्थ्य संस्थाबाट प्रदान गरिने नियमित खोप सेवालाई सम्पुर्ण बालबालिकाहरूको सर्वसुलभ पहुँचमा पुऱ्याइनेछ। पूर्ण खोप दिगोपना कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थामा सुरक्षित प्रसुती सेवा लिन आउने सम्पूर्ण सुत्केरी महिलाहरूलाई नेपाल सरकारले विनियोजन गरेको यातायात खर्च रकम रू २,०००/ (अक्षरूपी दुई हजार रूपैँया) र गर्भवती परिक्षण प्रोत्साहन भत्ता

रू ८००/- (अक्षरूपी आठ सय रूपैँया) लाई यथावत राख्दै स्वास्थ्य संस्थामा सुरक्षित सुत्केरी हुने महिला लाई दिइदै आएको पोषण प्रोत्साहन रकम रू २०००/- निरन्तरता दिइने छ ।

- महिला तथा बालबालिकाहरूको पोषण अवस्था सुधार गर्नका लागि बहुक्षेत्रिय पोषण कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गरिने छ । यसका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- परिवार नियोजन सेवा अन्तर्गत परिवार नियोजन सेवालाई थप सुदृढिकरण गर्नका लागि स्थायी वन्ध्याकरणलाई थप बढवा दिई लामो समयसम्म जन्मान्तरका लागि प्रयोग गरिने परिवार नियोजनको अस्थायी साधनहरूको लागि स्याटालाइट क्लिनिक संचालन गरि सेवा उपलब्ध गराइनेछ । यसका लागि आवश्यक पर्ने बजेट विनियोजन गरिने छ ।
- महिलाहरूको पाठेघर खस्ने, पाठेघरको मुखको क्यान्सर, स्तनको क्यान्सर जस्ता रोगको पहिचान गर्नको लागि स्क्रिनिङ शिविर संचालन गरिनेछ । जसका लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य विमा कार्यक्रमलाई विस्तार गर्दै लगिने छ । आगामी आर्थिक वर्ष देखि नै स्वास्थ्य विमा वोर्ड सँग समन्वयन गरि घिरिङ स्वास्थ्य चौकीमा स्वास्थ्य विमा कार्यक्रम लागु गरिने छ । अतिविपन्न घर परिवार पहिचान गरि निशुल्क स्वास्थ्य विमाको व्यवस्था गरिनेछ र यसका लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य संस्थाहरूमा नेपाल सरकारले तोकेको निशुल्क उपलब्ध हुने औषधीहरू अभाव हुन दिइने छैन । यसका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।
- आयुर्वेदिक तथा होमियोप्याथिक उपचार प्रणालीलाई व्यवस्थित वनाई सेवा विस्तार गरिने छ । जसका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- ६० वर्ष उमेर पुगेका वा २० वर्ष भन्दा बढि सेवा अवधि पुरा भई विभिन्न कारणले सेवा गर्न नसक्ने भई सेवा बाट अवकाश हुने राष्ट्रिय सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरूका लागि सम्मानजनक विदाई स्वरूप प्रदान गर्दै आएको रकम रू २०,०००/- (अक्षरूपी बिस हजार रूपैँया) लाई निरन्तरता गरिएको छ । संघीय सरकारले दिएको यातायात खर्च वार्षिक रकम रू १२,०००/- (अक्षरूपी वाह्र हजार) लाई निरन्तरता दिई माशिक प्रतिवेदन पेश गर्न आउँदा रकम रू १,०००/- (अक्षरूपी एक हजारका) का दरले यातायात खर्च उपलब्ध गराइने छ । सोको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- सुरक्षित मातृत्व सेवा कार्यक्रम अन्तर्गत सुत्केरी सेवालाई थप प्रभावकारी तथा व्यवस्थित गराउनका लागि स्वास्थ्यकर्मीको मनोवल बढाउन प्रति सुत्केरी खाजा खर्च रकम रू ५००/- (अक्षरूपी पाँच सय रूपियाँ) लाई निरन्तरता दिइने छ ।
- स्वास्थ्य संस्थामा नेपाल सरकारले तोकेको प्रोटोकल अनुसार नियमित गर्भ परिक्षण गर्न आउने महिलालाई दिइदै आएको पोषण खाद्य सामाग्री वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम संचालन गरिनेछ । सोको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- स्वास्थ्य संस्थाजन्य फोहरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी रूपले अगाडी बढाइने छ । जसका लागि आवश्यक बजेट व्यवस्थापन गरिने छ ।
- विद्यालयस्तरमा विद्यार्थीहरूको स्वास्थ्यलाई सुधार गर्नका लागि विद्यालय स्वास्थ्य शिक्षा, विद्यार्थीहरूको परिक्षण र योग शिक्षा लगायतका कार्यक्रम नियमित रूपमा सञ्चालन गरिनेछ ।

**३. खानेपानी तथा सरसफाई**

- स्वच्छ खानेपानीमा सबै जनताको पहुँच पुऱ्याउनका लागि "एक घर एक धारा" कार्यक्रम लाई निरन्तरमा दिइने छ ।
- घिरिङ वृहत खानेपानी आयोजना निर्माणका लागि विस्तृत योजना निर्माण गरिनेछ र बाँकी भएका अधुरो खानेपानी योजनाहरूलाई सम्पन्न गरिनेछ ।

- गाउँपालिकालाई पूर्ण सरसफाई उन्मुख बनाउन सार्वजनिक स्थल, विद्यालय तथा स्वास्थ्य संस्थाहरूमा खानेपानी तथा सरसफाई र वातावरणीय स्वच्छता लगाएतका विविध कार्यक्रम सञ्चालन गरिने छ।
- फोहोर मैला व्यवस्थापनलाई ध्यान दिँदै सबै शिक्षण संस्था, स्वास्थ्य संस्था बजार क्षेत्र र सार्वजनिक क्षेत्रमा फोहोर व्यवस्थापनको प्रबन्ध गरिनेछ।

**४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः**

- आदिवासी, जनजाति, दलित, अपाङ्गता, द्वन्द्व पीडित, एकल महिला, ज्येष्ठ नागरिक, महिला स्वास्थ्य स्वयंसेविका, युवा तथा बालबालिका लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- दलित, अल्प संख्या लगायत अन्य पिछडिएका समुदायको परम्परागत सीप र पेशलाई आधुनिकीकरण गरी उनीहरूको स्वरोजगार तथा आयआर्जनमा टेवा पुऱ्याइनेछ।
- सीपयुक्त महिला, अत्मनिर्भर महिला कार्यक्रम सञ्चालन गरिनेछ। उद्यम विकास कार्यक्रम मार्फत आर्थिक रूपले विपन्न, एकल, द्वन्द्वपीडित महिलाहरूको आयआर्जनका लागि विभिन्न संघसंस्थाहरूको सहयोगमा कार्यगत अभ्यास सहितको सीप विकास तालिम सञ्चालन गरी रोजगार तथा स्वरोजगार बन्न सहयोग गरिनेछ। महिलाहरूमा रहेको परम्परागत सीप प्रवर्द्धनका साथै महिला उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- लैङ्गिक हिंसा न्यूनीकरण एवं सशक्तिकरणका लागि विभिन्न किसिमका प्रचार प्रसार सामाग्री उत्पादन तथा सञ्चार माध्यमसँगको सहकार्यमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- बालमैत्री स्थानीय शासन कार्यक्रमलाई विशेष अभियानका साथ सञ्चालन गरिनेछ।
- "ठूलालाई सम्पान सानालाई माया" भन्ने भावलाई जोगाई राख्ना ज्येष्ठ नागरिक, बालबालिका तथा युवाहरूबीच अन्तरपुस्ता संवाद कार्यक्रम सञ्चालन गरिनेछ।
- विशेष संरक्षणको आवश्यकता भएका, जोखिममा रहेका तथा अनाथ बालबालिकाको संरक्षण गाउँपालिकाले गर्ने नीति अवलम्बन गरी कार्यक्रम सञ्चालन गरिनेछ।
- नयाँ निर्माण गरिने सबै भौतिक संरचनाहरू अपाङ्गतामैत्री तथा बालमैत्री हुनेछन्।
- अपाङ्गता भएका व्यक्तिको क्षमता र सशक्तिकरणमा जोड दिइनेछ।
- ब्रेल लिपि तथा साङ्केतिक भाषाको विकास सम्बन्धी प्रक्रिया अगाडी बढाइने छ।
- लागू पदार्थ दुर्वेशनी, मानव बेचबिखन, बालविवाह जस्ता समाजिक समास्यालाई न्यूनीकरण गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- सुर्तीजन्य र मदिराजन्य पदार्थको बिक्रि वितरणलाई नियमन गरिनेछ।
- न्यायीक समितिको सेवालाई सहज र विश्वसनीय बनाउन इजलासको व्यवस्थापन सहित नागरिक अन्तरक्रिया र छिटो छरितो न्याय सम्पादनको व्यवस्थालाई अवलम्बन गरिनेछ।
- जनप्रतिनिधिहरूलाई लैङ्गिक समानता र महिला सशसक्तिकरण, लैङ्गिक हिंसा निवारण, बाल अधिकार सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

**५. युवा, खेलकुद तथा रोजगारी**

- गाउँपालिकाको युवा नीति तर्जुमा गरी लागु गरिनेछ।
- गाउँपालिका तथा वडा स्तरमा क्रियासिल युवाक्लव तथा समुहहरूलाई लागुपदार्थ दुर्व्यसनी, धुम्रपान, मद्यपान, बालविवाह लगायतका सामाजिक कुरीति नियन्त्रण लगायतका कार्यहरूमा परिचालन गरिनेछ।
- दर्ता भएका क्लवहरूलाई खेलकुदका लागि आवश्यक सामाग्री वितरण गरिनेछ।

- विकास निर्माण र सामाजिक जागरणको लागि परिवर्तनमा युवा परिचालन गरिनेछ ।
- गाउँपालिकामा स्वास्थ्यका लागि खेलकुद, राष्ट्रको लागि खेलकुद अन्तर्गत "गाउँपालिका अध्यक्ष कप" खेलकुद कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- विभिन्न स्तरबाट आयोजना गरिने खेलकुदहरूमा गाउँपालिका मार्फत छनौट भई जाने खेलाडीहरूका लागि आवश्यक व्यवस्थापन सहयोग उपलब्ध गराइनेछ ।
- गाउँपालिका स्तरिय खेलकुद विकास समिति प्रभावकारी बनाईने छ ।
- खेलकुद पूर्वधार विकासतर्फ गाउँपालिकास्तरिय खेलकुद मैदान निर्माण गरिनेछ ।
- युवाहरूलाई स्वरोजगार र उद्यमी बन्न उत्प्ररित गरिनेछ ।
- युवाहरूलाई सरकारी सेवाको पहुँचमा उत्प्ररित तथा सहयोग गर्न विभिन्न सेवाका लोकसेवा र शिक्षकसेवा तयारी कक्षाहरू निशुल्क रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।
- सर्व प्रथम यस स्थानीय तह भित्र रहेका विभिन्न रोजगारीका अवसरबाट वञ्चित वेरोजगार व्यक्तिहरूलाई रोजगार सेवा केन्द्र अन्तर्गत रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा सुचिकृत गराइनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजनामा लाग्ने निर्माण सामग्री/औजारहरू तथा आयोजनामा खटिने श्रमिकहरूको ज्यालामा साझेदारी गरी कार्यक्रमलाई थप प्रभावकारी बनाउनको लागि गाउँपालिकाबाट आवश्यक व्यवस्था मिलाईने छ ।

❖ **पूर्वाधारः**

- गत आर्थिक वर्षहरूमा प्रारम्भ गरिएका आयोजनाहरू निरन्तरता दिँदै गुणस्तरीयतासहित तोकिएको समय सीमाभित्र सम्पन्न गर्न कार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।
- हरेक वडाहरूमा गौरवका आयोजना अन्तर्गत एक-एक वटा ठूला आयोजनाहरू सञ्चालन गरिनेछ ।
- सबै वडा कार्यालय भवनमा सेवामैत्री र प्रयाप्त पूर्वधारका लागि भैरहेको संरचनामा माथिल्लो तला थप गरि व्यवस्थित बनाइनेछ ।
- निर्माण भइसकेको झोलुङ्गे पुलको संरक्षण, निर्माणाधीन झोलुङ्गे पुललाई समयमा नै सम्पन्न गरी थप झोलुङ्गे पुल निर्माणका लागि पहल गरिनेछ ।
- गाउँपालिकाको विकास निर्माणको कार्यमा संलग्न हुने निर्माण व्यवसायी, डकर्मी तथा सिकर्मीहरूको सीप तथा दक्षता वृद्धि गर्न क्षमता विकास तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- १० लाखभन्दा माथिका निर्माणसँग सम्बन्धित सम्पूर्ण योजनाहरू ठेक्का प्रक्रियाबाट सम्पादन गर्ने व्यवस्था मिलाईनेछ । निर्माण कार्यको गुणस्तर कायम गर्न अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सबल तथा प्रभावकारी बनाइनेछ ।
- गाउँपालिकामा निर्माण भएका भौतिक संरचना साथै योजनाहरूको गुणस्तर परिक्षणका लागि आवश्यक सामाग्री खरिद गरी गुणस्तर कायम गर्न थप व्यवस्थित गरिनेछ ।
- गाउँपालिका कार्यालय, मातहतका कार्यालयहरूलाई सेवाग्राही मैत्री, आधुनिक, सुरक्षित र आकर्षक बनाईने छ ।
- सडक तथा भवन निर्माण मापदण्ड तर्जुमा गरी कार्यन्वयन गरिनेछ ।
- गाई घाट गल्यङ मोटर मार्ग, सालिकग्राम कोरीडोर, मानपुर डेड्गाउँ मार्गलाई स्तरउन्नती र निर्माण गर्नका लागि संघिय सरकार तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ । गाउँपालिका क्षेत्रका अन्य मोटरबाटोहरु (पशुपति मोटरमार्ग, मदन मोटरमार्ग, घ्याछाप पुट्टार मोटरमार्ग, अत्रौली काठेकोट मोटरमार्ग, चक्रदेवी मोटरमार्ग, भैरव मोटरमार्ग, काठेकोट डुर्म्रीवेसी मोटरमार्ग, राधाकृष्ण मोटरमार्ग, गोशाईकुण्डा मोटरमार्ग, मोहरिया भञ्ज्याङ भोलोन्दी वानटाङ खोला मोटरमार्ग, गाबुडाँडा नयाँटार

मोटरमार्ग, कृष्ण मोटरमार्गको कटहरे बैडी केलादी मोटरमार्ग, डुम्रेवेशी छानुङ्ग देउराली मोटरमार्ग आदी) कालोपत्रे तथा स्तरउन्नती गर्न पहल गरिनेछ।

- बालीघाट, सतिघाट, खैरेनीघाट र रानीघाटमा पक्कि मोटरेबलपूलको प्रस्ताव तयार गरि संघीय सरकार संग रकम माग गरिनेछ ।
- स्थानीय स्तरको सिँचाई योजनाको पहिचान गरि निर्माणमा जोड दिइनेछ।
- कृषि उत्पादनको प्रचुर सम्भावना रहेका बैडी, अत्रौली, भन्टार, पुट्टार, खुम्लिङ, जगौलीटार, गडौलीटार, बटौलीटार, नयाँटार, वनटार, करूवाटार, साथै अन्य सम्भावित ठाउँहरुमा सिंचाइ गर्नका लागि केन्द्र सरकार, प्रदेश सरकार र सम्बन्धित निकायमा पहल गरिनेछ।
- बाझो रही खेरा गई बसेको जग्गामा किसानलाई उत्प्रेरित गरी बाली लगाउन प्रोत्साहन गरिनेछ।
- गाउपालिका भित्र बाँकी रहेका टोल वस्तीहरुमा यसै वर्ष भित्र विद्युतीकरण सम्पन्न गरी "**उज्यालो घिरिङ**" अभियानलाई निरन्तरता दिईनेछ र विद्युतको स्तर वृद्धि गरिनेछ।
- गाउँपालिका भित्र आवश्यक स्थानहरुमा खेलमैदान तथा गाउँपालिका स्तरको खेलमैदान निर्माण गरिनेछ।
- गाउँपालिका भित्रका महत्वपूर्ण चोक वस्तीहरूमा सडक बत्तीको जडान गरिनेछ।
- कालीगण्डकी नदीका किनार रहेका विभिन्न स्थानमा, धर्मिक पर्यटकिय स्थलको रूपमा विकास, पर्वद्धन गरिनेछ।
- एक गाउँ एक पोखरी एक चौतारी अभियान सञ्चालन गरिनेछ।

### ❖ वातावरण तथा विपद् व्यवस्थापनः

- प्राकृतिक विपत्तीका कारणले जनधनको क्षतिका लागि राहत दिन विपद् व्यवस्थापन कोष लाई निरन्तरता दिइने छ। राहत वितरणको कार्यलाई कानूनद्वारा थप व्यवस्थित गरिनेछ।
- स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्वपूर्ण स्थलको संरक्षण र पूर्वाधार विकास निर्माण गर्दा वातावरण संरक्षण गर्ने नीति लिइनेछ।
- वन व्यवस्थापनको नीतिगत कानुनी र संरचनागत व्यवस्था मिलाइने छ। कवुलियती र निजी वन सामुदायिक विकास कार्यक्रमलाई व्यापक र सरल बनाइने छ र अनियन्त्रीत वन फडानी र डडेलो लगाउनेलाई नियन्त्रण गरि कानून बमोजिम दण्ड जरिवाना गरिने नीति लिइनेछ।
- खानेपानी मुहानमा पानी रसाउन सहयोग गर्ने जातका विरूवा वृक्षारोपणमा प्रेरित गरिने छ।
- वन संरक्षण दिगो व्यवस्थापन तथा उपयोग र व्यवस्थापनको कानुन र मापदण्ड आधारमा अनियन्त्रीत र अवैध दोहोनलाई नियन्त्रण र नियमन गरिनेछ।
- जंगली जनावर नियन्त्रण गरि कृषि उत्पादनमा वृद्धि गर्ने कार्यक्रम अगाडि बढाइने छ।
- विकास निर्माणको कारणले वातावरणमा पर्ने प्रभाव न्यूनिकरणमा पहल गरिनेछ।
- सार्वजनिक स्थल, सडक, बाटो वरपर क्षेत्रहरूमा वृक्षारोपण गरी हरियाली अभियान सञ्चालन गरिनेछ।
- विपद् जोखिम क्षेत्रको पहिचान नक्साङ्कन गरिनेछ।
- बाढी, पहिरो, नदी नियन्त्रणका उपाय गरिनेछ। नदी जन्य वस्तुको उत्खन्नमा वातावरणिय प्रभावलाई ध्यान दिइनेछ।

### ❖ संस्थागत विकास, सेवा प्रवाह र सुशासनः

**१) सुशासन**

- सेवा प्रवाहलाई समय अनुकुल चुस्त, दुरूस्त, सक्षम, सवल, प्रभावकारी बनाउन कर्मचारीहरूको दक्षता तथा क्षमता अभिबृद्धि गरिनेछ।

- कर्मचारीहरूको वैयक्तिक विवरण डिजिटल कम्प्युटर सिस्टममा ईन्ट्री गरी कर्मचारी अभिलेखिकरण प्रक्रियालाई थप व्यवस्थित गराईनेछ।
- कर्मचारीको कार्यसम्पादन मुल्यांकन प्रक्रियालाई सूचकमा आधारित बनाईनेछ र उत्कृष्ट कर्मचारीहरूलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईने छ।
- घिरिङ गाउँपालिकालाई कार्यक्षेत्र बनाई विभिन्न क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरूको अभिलेखिकरण गरि साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- पालिकाको सम्पूर्ण कर्मचारीहरूको दरवन्दीको वैज्ञानिक रूपले उचित व्यवस्थापन गरि उनीहरूको कार्य सम्पादन सम्झौता र कार्य विवरण सहित O&M पुनरावलोकन गरिनेछ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण गर्दै प्रभावकारी बनाईने छ।
- सेवा प्रवाहलाई चुस्त, दुरूस्त, पारदर्शी र जवाफदेही बनाइने नीति लिइनेछ। यसको लागि सार्वजनिक उत्तरदायित्वका औजारहरू (सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण) लाई कार्यान्वयनमा ल्याइनेछ।
- विधिको शासन अवलम्बन गर्दै सबै जनप्रतिनिधि र कर्मचारीहरूलाई आफ्नो काम प्रति जवाफदेही र जिम्मेवारी बनाईनेछ।
- गाउँपालिकाको आन्तरिक आम्दानी बृद्धि गराई गाउँपालिकालाई समृद्ध बनाउन राजश्व परामर्श समिति मार्फत आन्तरिक आय तथा राजश्व संकलनका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्ने र वित्तीय अनुशासन कायम गर्ने नीति अबलम्बन गरिनेछ।
- आयोजनाहरूको दिगो विकास व्यवस्थापनका लागि गाउँपालिका र वडा स्तरीय अनुगमन तथा मुल्याङ्कन समितिलाई थप क्रियाशिल गराइ परिचालन गरिनेछ।
- उपभोक्ता समिति मार्फत साझेदारीमा विकास निर्माण आयोजना सञ्चालन गर्ने नीति थप व्यवस्थित गरिनेछ। ठूला आयोजनालाई प्राथमिकता दिने नीति लिईनेछ र संभव भएसम्म ई-विडिङ मार्फत ठेक्का प्रक्रिया अगाडी बढाइनेछ।
- योजना तथा कार्यक्रमहरूलाई तथ्याङ्क सँग आवद्ध गरिने छ र गाउँपालिकालाई आवश्यक विभिन्न तथ्याङ्कहरू समय समायमा संकलन गरिनेछ। संकलित तथ्याडंकहरूको व्यवस्थित अभिलेख व्यवस्थापनको लागि सूचना प्रविधिको प्रयोग गरिने छ।
- हाल सम्म निर्मित सम्पूर्ण ऐन, नियम, कार्यविधि र मापदण्डहरूको औचित्यताको आधारमा परिमार्जित गरिनेछ।
- शाखागतरूपमा भएगरेका कार्यहरू विषयमा छलफल साथै समस्या पहिचान गरी सुधार गर्नका लागि मासिक रूपमा समिक्षा बैठक गर्ने नीति लिइनेछ।
- गाउँपालिका र सबै वडाहरूमा सुझाव पेटीका, गुनासो सुनुवाई पुस्तिका, डिजिटल नागरिक वडा पत्र, सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था मिलाई सुशासनको प्रत्याभूति दिलाउन प्रयास गरिनेछ।

**२) सूचना तथा सञ्चार**

- गाउँपालिका अन्तरगतका विद्यालयहरूमा स्थापना भइसकेका आइसिटी ल्यावहरू सञ्चालनका लागि सोहि विद्यालयमा कार्यरत जनशक्तिलाई आवश्यक तालिम प्रदान गरी विद्यालयमा हुने कार्य सम्पादनलाई पूर्णरूपमा डिजिटल बनाईनेछ।
- गाउँपालिका अन्तरगतका जनशक्तिको क्षमता अभिवृद्धि गर्न सूचना प्रविधि सम्बन्धी तालिमको व्यवस्था गरी कार्यालयहरूबाट हुने सेवालाई छिटो छरितो र भरपर्दो बनाइने छ।
- स्थानीय सञ्चारकर्मी, सञ्चारगृहको संस्थागत विकास एवं क्षमता विकासको लागि आपसी समन्वय र सहकार्यमा कार्य गरिनेछ।
- सञ्चार सेवालाई प्रभावकारी बनाउन नेपाल टेलिकम र एनसेल प्रा.लि. सँग समन्वय गरि थप स्थानमा प्रशारण टावर राख्न पहल गरिनेछ।

- गाउँपालिका भित्र शान्ति सु-व्यवस्था र अमनचयनको वातावरण सृजना गर्न नेपाल प्रहरी लगायतका सुरक्षा निकायसँग प्रभावकारी रूपमा सहकार्य गरिनेछ ।
- कार्यालयका ठूला साना सबै सवारी साधनहरू सञ्चालन तथा नियन्त्रण गर्नका लागि सवारी साधनहरूको संचालन तथा मर्मत सम्भार सम्बन्धी कार्यविधि निर्माण गरि लागु गरिनेछ ।
- कम्पनी तथा फर्म सूचिकरण कार्यलाई व्यवस्थित गरिनेछ ।
- प्राप्त फर्महरूलाई Public Asset Management System (PAMS) मा प्रविष्ट गर्ने र यस प्रणालीमा सुचिकृत भएका कम्पनी तथा फर्महरूसँग मात्र कार्यक्रम सम्झौता गरिनेछ ।
- सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार एकिकृत वार्षिक खरिद योजना बनाई जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।
- गाउँपालिकाको कार्यालय र यस अन्तर्गतका वडा कार्यालयहरू लगायत अन्य कार्यालयहरूको वार्षिक जिन्सी निरिक्षण गरि सामाग्रिहरूको अध्यावधिक गरिनेछ ।

**३) राजश्व परिचालन तथा वित्तिय व्यवस्थापन**

- एकिकृत सम्पति कर लागू गर्न आवश्यक तयारी गरिनेछ ।
- करको संभावित नयाँ क्षेत्रको पहिचान गरि सबै व्यक्ति र संस्थालाई करको दायरामा ल्याइनेछ ।
- गाउँपालिकास्तरका उत्कृष्ट करदाताहरूलाई सम्मान गरिनेछ ।
- करदाताहरूको अभिलेख प्रविधिमा आधारित बनाईने छ ।
- गाउँपालिका क्षेत्र भित्रको राजश्व चुहावटलाई नियन्त्रण गर्नका लागि टोली खटाई व्यापार व्यवसायहरूको अद्यावधिक लगत तयार गरी करको दायरामा ल्याइने छ र नियमित रूपमा बजार अनुगमन प्रक्रियालाई निरन्तरता दिईनेछ ।
- आर्थिक क्रियाकलापहरूको निश्चित समयमा गाउँपालिकाको वेभसाइट वा सूचना पाटीमा सार्वजनिक गरिनेछ ।
- प्रचलित कानून बमोजिम लेखा प्रणालीलाई दुरूस्त राखिने छ र सम्पन्न आयोजनाहरूको कार्यमूलक लेखापरिक्षण गरिनेछ ।
- समपूरक कोष, सडक मर्मत सम्भार कोष, विपद व्यवस्थापन कोष, सामाजिक सहयोग कोष, कर्मचारी कल्याण कोष जस्ता आवश्यक कोषहरूको स्थापना गरिनेछ ।
- भूमीहिन सुकुम्बासी, भूमिहिन दलितलाई प्रदेश, संघिय सरकारसँग समन्वय गरी निशुल्क जमीनको व्यवस्था गरिनेछ, अव्यवस्थित वसोवास र जमिनको प्रदेश र संघिय सरकार सँग समन्वय गरी जग्गा व्यवस्थित लालपूर्जा गरिनेछ ।

सम्मानित सभाका उपस्थित सभा सदस्यज्यूहरू,

मैले यस घिरिङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तर्फबाट आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गरिसकेको छु । समृद्ध घिरिङ सुखी घिरिङ वासी निर्माण हाम्रो अभियानमा गाउँवासी सम्पूर्ण दाजुभाई दिदिबहिनीहरूले दिनुभएको साथ र सहयोगको लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । जनभावना अनुसार नै अघि बढ्ने हाम्रो परम्परा र प्रतिबद्धता रहेको छ । यो नीति तथा कार्यक्रम तयार गर्ने क्रममा सहयोग पुऱ्याउनुहुने गाउँसभाका सदस्यहरू, राजनितिकदल, कर्मचारी संयन्त्र, नागरिक समाज, सञ्चार माध्यम, गाउँवासी बुवाआमा, दाजुभाई तथा दिदीबहिनी प्रति हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु । गाउँको समग्र विकासको लागि सबैको अमूल्य सुझावको सदैव अपेक्षाका साथ उपस्थित सम्पूर्णमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

धन्यवाद ! नमस्कार । जय घिरिङ ॥

गाउँपालिका अध्यक्ष
घिरिङ गाउँपालिका
२०८० असार १०